# प्रेस नोट

रूग्ण र अलपत्र पारिएका विकास योजनाको काम अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराउने उद्देश्यका साथ रास्वपाले 'राष्ट्रव्यापी दबाब अभियान' (माघ २१-चैत २१, पहिलो चरण) सञ्चालन गर्दैछ। प्रत्येक प्रदेशबाट ३/३ वटा योजना छनोट गरी २१ आयोजनामा खबाब दिने अभियानको सुरूवात रास्वपाबाट प्रतिनिधित्व गर्नुहुने सबै सांसद र पार्टीका केन्द्रीय पदाधिकारी/सदस्यको उपस्थितिमा सभापति रवि लामिछानेले भोलि (माघ २१ गते) सिन्धुपाल्चोकको मेलम्चीबाट गर्नुहुँदैछ। शुभारम्भ कार्यक्रम भोलि बिहान १० बजे मेलम्ची खानेपानी आयोजनाको कार्यालय बाहिरको चौर (मेलम्ची बजार) मा हुने छ।

संक्षिप्त औपचारिक कार्यक्रममा सभापति लामिछानेले प्रत्येक आयोजनामा दबाब अभियानको अगुवाई गर्ने सांसद/पदाधिकारीलाई सम्बन्धित योजनाको ब्यानर हस्तान्तरण गर्नुहुने छ। अभियान प्रारम्भ भएकै दिन (भोलि) सांसद सोबिता गौतम नेतृत्वको समूहले मेलम्ची बजारदेखि मेलम्ची खानेपानी आयोजनाको मुहानक्षेत्र (हेडवर्क्स) अम्बाथानसम्म पैदलयात्रा गर्ने छ। पैदलयात्राको दूरी करिब २१ किलोमिटर छ।

दबाब अभियानको सुरूवात भोलि भएपनि अन्य योजनाको कार्यक्रम मिति भने संसदको बैठकअनुसार तय गरिने छ। पहिलो चरणको अभियान समापन सभापति रवि लामिछानेले चैत २१ गते महेन्द्र राजमार्गअन्तर्गत चितवनमा पर्ने पुल्चोक-गोन्द्राङ सडकमा गर्नुहुने छ। समापनमा पनि सबै सांसद, केन्द्रीय पदाधिकारी/सदस्य सहभागी हुनेछन्।

माघ ३ गतेको केन्द्रीय समिति बैठकले 'मिसन-८०' अन्तर्गत दबाब अभियान सञ्चालन गर्ने निर्णय गर्दै आयोजना छनोटसहित अभियानको खाका प्रस्तुत गर्न कार्यदल बनाएको थियो। कार्यदलमा इन्जिनियर श्रीराम न्यौपाने, सहमहामन्त्री विपिनकुमार आचार्य, सहप्रवक्ता प्रतिभा रावल, सांसद शिशिर खनाल, केन्द्रीय सदस्य खुस्बुसरकार श्रेष्ठ र पूर्वाधार विभागका सचिव कृष्ण भेटवाल थिए। कार्यदलले प्रदेश समितिसँगको समन्वयमा प्रारम्भिक सूचीमा रहेका सत्ताइसलाई काँटछाँट गरी प्रत्येक प्रदेशबाट ३/३ वटा गरी २१ आयोजना छान्दै अगुवाई गर्ने सांसद/पदाधिकारी निर्धारण गरेको थियो। कार्यदलले हिजो (माघ १९) मा सभापति रवि लामिछानेलाई प्रतिवेदन बुझाएको थियो।

*विकासका मुद्दा कुनै दल विशेषको नभई देश र जनताको हुने भएकाले इच्छुक सबैको सहभागिता खुला गर्न रास्वपाले 'राष्ट्रव्यापी दबाब अभियान'मा क्रममा पार्टीको झण्डा र चुनाव चिन्ह प्रयोग नगर्ने निर्णय गरेको छ। अभियानमा सहभागी हुने नेतागण, सदस्य तथा शुभेच्छुकलाई पार्टीको निर्णय कार्यान्वयन गर्न रास्वपाले विशेष निर्देशनसमेत दिएको छ।*

## दबाब अभियान सञ्चालन हुने योजना

| क्र. सं. | आयोजना | अगुवाई गर्ने सांसद | पदाधिकारी/केन्द्रीय सदस्य | विभाग पदाधिकारी/सदस्य |
|---|---|---|---|---|
| कोशी प्रदेश | | | | |
| १. | भेडेटार-रवि-राँके सडक | तोसिमा कार्की | टीका संग्रौला, राजेश तिमल्सिना | ओम भण्डारी, डा. पुष्पमणि खराल, डा. खडानन्द दुलाल, घनश्याम बिष्ट |
| २. | गाईघाट-दिक्तेल सडक (सगरमाथा राजमार्ग) | निशा डाँगी | गणेश कार्की, विष्णुकुमार श्रेष्ठ | शोभा कार्की, गिरिराज ओझा, कल्पना थापा |
| ३. | इनरूवा-देवानगंज-कोवाखोच सडक | अशोककुमार चौधरी | रमेश प्रसाईं, रविना घिमिरे, निसा मेहता | विरोध सुवेदी, श्यामेन्द्रबहादुर सिंह, चन्द्रकुमार गौली (निरज) |
| मधेस प्रदेश | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | कमला पूल (धनुषा/सिरहा) + हेटौंडा–ढल्केवर–इनरूवा ट्रान्समिसन लाइन | गणेश पराजुली | राकेश यादव, तपेश्वर यादव | छविलाल लामिछाने, कृष्णहरि पौडेल, चन्द्रशेखर सापकोटा, कृष्णप्रसाद अधिकारी |
| २. | जनकपुर परिक्रमा सडक (धनुषा) | मनीष झा | कामिनी चौधरी, नन्दन यादव | अर्जुनकुमार श्रेष्ठ, अशोक टण्डन, उदयनारायण प्रसाद जैसवाल, ममता शर्मा |
| ३. | काठमाडौं–तराई–मधेस द्रुतमार्ग | डीपी अर्याल | अच्युतम लामिछाने, पुकार बम | सुशीला सिंखडा, विकेश बज्रचार्य, कृष्ण भेटवाल |
| **बागमती प्रदेश** | | | | |
| १. | मेलम्ची खानेपानी आयोजना (सिन्धुपाल्चोक/काठमाडौं) | सोबिता गौतम | उपलब्ध सबै | अनिता अधिकारी, कुमार श्रेष्ठ |
| २. | पुल्चोक–गोन्द्राङ सडक (महेन्द्र राजमार्ग, चितवन) | रवि लामिछाने | रूपा शंकर, खुस्बु सरकार श्रेष्ठ, राजन गौतम | लोकनाथ वस्ती, जयराम गुरूङ |
| ३. | पासाङल्हामु सडक आयोजना (काठमाडौं, नुवाकोट, रसुवा) | सुमना श्रेष्ठ | बसुमाया तामाङ, उपेन्द्र पाण्डे, कुसुम महर्जन | डा. विक्रम तिमल्सेना, सुरेशकुमार कर्ण |
| **गण्डकी प्रदेश** | | | | |
| १. | बुर्तिबाङ–बाग्लुङ सडक (मध्यपहाडी लोकमार्ग) | शिव नेपाली | मेघ आले, गोमा क्षेत्री, ध्रुव गिरी, रामकृष्ण भट्टराई | झविलाल डुम्रे, राजकुमार न्यौपाने, सुशील खड्का, डा. दीपकप्रसाद बास्तोला |
| २. | घुमाउनेघाटको पुलसहित बुद्धसिंह मार्ग (चितवन/तनहुँ) | स्वर्णिम वाग्ले | प्रभात अधिकारी, हरिप्रसाद भट्ट, सविना विक | रूपक घिमिरे, राजन हुँमागाई, शिलशिला आचार्य, भोजन अर्याल |
| ३. | ११ किलो–छेपेटार–भालुस्वाँरा–वारपाक सडक (गोरखा) | हरि ढकाल | कविन्द्र बुर्लाकोटी, एलिजा गुरूङ, राजन गौतम | पदम राजपन्थी, विष्णुकुमारी गुरूङ, डा. हरिप्रसाद पन्त, लिलाराज ढकाल |
| **लुम्बिनी प्रदेश** | | | | |
| १. | तुलसीपुर–कपुरकोट–सितलपाटी खण्ड (राप्ती राजमार्ग) | शिशिर खनाल | क्रान्तिशिखा धिताल, देवराज पाठक | कमल सुवेदी, होमबहादुर क्षेत्री |
| २. | न्यू बुटवल–गोरखपुर ट्रान्समिसन लाइन (नेपाल खण्ड) | डा. मुकुल ढकाल | अर्जुन अधिकारी, अरनिको पाँडे | तोयानाथ अधिकारी, विशाल अधिकारी |
| ३. | लुम्बिनी विकास गुरूयोजना | लक्ष्मी तिवारी | लिमा अधिकारी, इश्रा मुल्ला मिया, प्रमिला कुलुजु | गणेश पौडेल, डा. रामहरि लामिछाने, आशिका श्रेष्ठ |
| **कर्णाली प्रदेश** | | | | |
| १. | भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | विन्दाबासिनी कंसाकार | विपिनकुमार आचार्य | डा. प्रणयशम्शेर राणा, विज्ञान गौतम, पुरूषोत्तम पोखरेल |
| २. | कर्णाली राजमार्ग (दैलेख खण्ड) | सन्तोष परियार | धिरजबहादुर वली | रतन विश्वकर्मा, दिनेशकुमार कंडेल |
| ३. | कोहलपुर–सुर्खेत–जुम्ला ट्रान्समिसन लाइन | बिनिता कठायत | अनिलकेशरी शाह | पवन देवकोटा, डा. नारायण घिमिरे |
| **सुदूरपश्चिम प्रदेश** | | | | |
| १. | महाकाली करिडोर | असिम शाह | विजय जैरू | ज्ञानेन्द्र महता, बदनकुमार भण्डारी |
| २. | दैजी–जोगबुढा सडक | चन्दा कार्की | दीपकराज बोहरा | बैकुण्ठ थापा (आशिष) खड्कसिंह महता, यम श्रेष्ठ |
| ३. | धनगढी–दीपायल फास्ट ट्र्याक | विराजभक्त श्रेष्ठ | प्रतिभा रावल | मोहनराज जोशी, हरिप्रसाद जोशी, सरोज पोखरेल |